apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# अपन दैनिक

Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र

जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१

● वर्ष: १२ ● अंक: १३५ ● पृष्ठ: ४ ● १९ जेठ २०८३ मंगलबार (02 June 2026. Tuesday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्य: रु.५/




## जनकपुर चुरोट कारखानाको 'सुर्ती गोदाम' जग्गा विवाद गहिरिंदै

### सरकारी ५ विघा ९ कठ्ठा १८ धुर जग्गा व्यक्तिका नाममा कित्ताकाट, यथास्थितिको आदेश हुँदाहुँदै निर्माण कार्य जारी

**शुभ नारायण कामती**
**सिरहा, जेठ १८ गते**

सिरहाको मिर्चैया नगरपालिका-५ (साविक रामनगर गाविस-४क) स्थित जनकपुर चुरोट कारखाना लिमिटेडको 'सुर्ती गोदाम' अन्तर्गतको सरकारी जग्गा व्यक्तिका नाममा कित्ताकाट गरी बिक्री-वितरण गरिएको विषय पुनः चर्चामा आएको छ। सरकारी स्वामित्वमा रहेको बहुमूल्य जग्गामा यथास्थितिको आदेश हुँदाहुँदै समेत नयाँ संरचना निर्माण भइरहेको देखिएपछि विवाद थप गहिरिएको हो।




स्थानीय स्रोत र सरकारी अभिलेखअनुसार कित्ता नम्बर १२३ मा रहेको ५ विघा ९ कठ्ठा १८ धुर क्षेत्रफलको जग्गा फिल्डबुकमा "श्री ५ को सरकार, जनकपुर चुरोट कारखाना लिमिटेड, सुर्ती गोदाम" को नाममा कायम रहेको देखिन्छ। तर समयक्रममा उक्त जग्गा विभिन्न कम्पनी र व्यक्तिहरूको नाममा हस्तान्तरण हुँदै गएको पाइएको छ।

प्राप्त विवरणअनुसार उक्त जग्गा एक चरणमा महालक्ष्मी न्यूट्रिसियस फुड्स प्रा.लि. को नाममा कायम गरिएको थियो। त्यसपछि नाम परिवर्तन भई पूर्वाञ्चल राइस मिल प्रा.लि. को नाममा कायम गरिएको र त्यसपश्चात् विभिन्न व्यक्तिहरूको नाममा कित्ताकाट गरी स्वामित्व हस्तान्तरण गरिएको कागजातमा उल्लेख छ।

स्थानीयवासीका अनुसार हाल उक्त क्षेत्र करिब २ सय बढी कित्तामा विभाजन भइसकेको छ। तीमध्ये करिब सय बढी पक्की घर निर्माण सम्पन्न भइसकेका छन् भने केही घरहरू निर्माणाधीन अवस्थामा छन्। एक संस्थागत विद्यालयसमेत सोही जग्गामा सञ्चालनमा रहेको स्थानीयले बताएका छन्।

**गृहमन्त्रालयको निर्देशनपछि छानबिन समिति गठन**

यो प्रकरणमा अपन दैनिक पत्रिका र एभिन्यूज टेलिभिजनमा समाचार प्रशारण भएपछि तथा एक व्यक्तिले गृहमन्त्रालयमा निवेदन दिएपछि गृहमन्त्रालयले जिल्ला प्रशासन कार्यालय सिरहालाई विवादित जग्गा यथास्थितिमा राखी छानबिन समिति गठन गरी अनुसन्धान गर्न निर्देशन दिएको थियो।

सोही निर्देशनका आधारमा जिल्ला प्रशासन कार्यालय सिरहाले छानबिन समिति गठन गरेको हो। समितिले प्रारम्भिक अध्ययनपछि विवादित कित्ताहरूलाई यथास्थितिमा राख्न निर्देशन दिएको थियो।

**यथास्थितिको आदेश कार्यान्वयनमा प्रश्न**

समितिको निर्देशनअनुसार कित्ता नम्बर १२३ बाट कायम भएका सबै कित्ताहरूलाई यथास्थितिमा राख्न भनिएको थियो। तर स्थानीयवासीका अनुसार उक्त निर्देशनपछि पनि नयाँ संरचना निर्माण तथा प्लटिङको काम रोकिएको छैन।

छानबिन समितिको प्रतिवेदन भने गृह मन्त्रालयमा पठाइसकिएको जिल्ला प्रशासन कार्यालय सिरहाले जनाएको छ।

**मालपोत कार्यालय: 'कित्ता यथास्थितिमै छन्'**

भूमि प्रशासन कार्यालय सिरहाका अनुसार जिल्ला प्रशासन कार्यालयको पत्रका आधारमा सबै सम्बन्धित कित्ताहरू यथास्थितिमा राखिएको छ।

कार्यालयका अनुसार, "यथास्थितिको आदेशपछि कुनै नामसारी, कित्ताकाट वा नयाँ अभिलेख संशोधन गरिएको छैन। फिल्डमा भइरहेको गतिविधिबारे कार्यालयलाई प्रत्यक्ष जानकारी छैन।"

**जिल्ला प्रशासन कार्यालय: 'मन्त्रालयको निर्देशन कुरिरहेका छौं'**

जिल्ला प्रशासन कार्यालय सिरहाका सहायक प्रमुख जिल्ला अधिकारी चेतराज बरालका अनुसार छानबिन समितिको प्रतिवेदन गृह मन्त्रालयमा पठाइसकेको र हालसम्म मन्त्रालयबाट

बाँकी पृष्ठ ३ ▸▸

## ब्राउन सुगरसहित सिरहाबाट मिर्चैयाका दुई युवक पक्राउ




**अपन दैनिक संवाददाता**
**सिरहा, जेठ १८ गते**

सिरहा प्रहरीले ३ ग्राम १४० मिलिग्राम प्रतिवन्धित लागु पदार्थ ब्राउन सुगरसहित दुई युवकलाई पक्राउ गरेको छ। सिरहा नगरपालिका १५ बुधौराबाट उक्त पदार्थसहित आइतबार बेलुका मिर्चैया नगरपालिका ६ का २३ वर्षीय जय कुमार साह र १९ वर्षीय सुजल शाहलाई पक्राउ गरेको हो।

विशेष सूचनाको आधारमा प्रहरी चौकी खिरौनाबाट खटिएको प्रहरीले भारतबाट नेपालतर्फ आउँदै गरेको ज. १० प ७६३७ नम्बरको मोटरसाइकलमा सवार उनीहरूलाई बुधौराबाट उक्त पदार्थसहित नियन्त्रणका लिएको सिरहा प्रहरीले जनाएको छ।

बाँकी पृष्ठ ४ ▸▸

## मधेश प्रदेश सभाअघि नारा- लाज लाग्दैन, कमला पुल कहिले सुरू हुन्छ ?

**अपन दैनिक संवाददाता**
**सिरहा, जेठ १८ गते**

हुलाकी सडकअन्तर्गत सिरहा र धनुषा जिल्लालाई जोड्ने कमला पुल निर्माणका लागि बजेट माग्दै स्थानीयवासी प्रदर्शनमा उत्रिएका छन्। सोमबार मधेश प्रदेशसभा अगाडि प्रदर्शन गरिएको हो।

आन्दोलनकारीहरूले 'लाज लाग्दैन, नयाँ कमला पुल कहिले सुरु हुन्छ ?' भन्दै नारासमेत लगाएका छन्।




प्रदर्शनमा 'कहिलेसम्म संघ सरकारको मुख हेरेर बस्ने ?', 'प्रदेश सरकार हो कि संघ सरकारको शाखा हो ?' जस्ता नारा लेखिएको ब्यानर पनि प्रयोग भएको छ।

हुलाकी-कमला संघर्ष समितिका संयोजक इन्जिनियर प्रविणकुमार यादवले कमला पुल निर्माणका विषयमा प्रदेश सरकारबाट गैरजिम्मेवार अभिव्यक्ति आएको भन्दै आन्दोलन गर्नपरेको बताए।

उनले यसअघि मुख्यमन्त्री कृष्णप्रसाद यादवलाई ज्ञापनपत्र बुझाउन जाँदा गैरजिम्मेवार अभिव्यक्ति आएको दाबी गरे। उनका अनुसार मुख्यमन्त्री यादवले आफूसँग 'कहाँबाट कमला पुल बनाइदिनू ? आफ्नो सम्पत्ति बेचेर पुल निर्माण गरिदिनू ?' र 'सिरहाबाट जितेका चार जना सांसदलाई गएर भन्नू' जस्ता

बाँकी पृष्ठ ३ ▸▸

## पूर्व-पश्चिम राजमार्गमा मोटरसाइकल र पानी ट्यांकर ठोक्किँदा दुई घाइते

**अपन दैनिक संवाददाता**
**सिरहा, जेठ १८ गते**

पूर्व-पश्चिम राजमार्ग अन्तर्गत सिरहाको मिर्चैया नगरपालिका-६ स्थित बतहा खोलानजिक सोमवार मोटरसाइकल र पानी बोकेको ट्यांकर टिपर एकआपसमा ठोक्किँदा दुई जना घाइते भएका छन्।

दुर्घटनामा ना.६५ प ६२५८ नम्बरको मोटरसाइकल र बा.३ ख ३६४८ नम्बरको पानी ट्यांकर टिपर रहेको प्रहरीले जनाएको छ।

प्रारम्भिक जानकारीअनुसार दुर्घटनामा मोटरसाइकल चालकसहित दुई जना घाइते भएका छन्। घाइतेहरूलाई तत्काल उद्धार गरी मिर्चैयास्थित मनकामना मिड इस्टर्न अस्पतालमा उपचारका लागि भर्ना गरिएको छ।




स्थानीयवासीका अनुसार दुर्घटनापछि केहीबेर राजमार्ग क्षेत्रमा सवारी आवागमन प्रभावित भएको थियो। प्रहरी टोली घटनास्थल पुगेर यातायात सञ्चालनलाई सहज बनाएको जनाएको छ।

दुर्घटनाको कारण खुल्न बाँकी रहेको छ। तीव्र गति, ओभरटेक वा अन्य प्राविधिक कारणमध्ये कुन कारणले दुर्घटना भएको हो भन्ने विषयमा प्रहरीले अनुसन्धान गरिरहेको छ।

घाइतेहरूको परिचय तथा स्वास्थ्य अवस्थाबारे विस्तृत विवरण आउन बाँकी रहेको प्रहरीले जनाएको छ। दुर्घटनामा संलग्न दुवै सवारी

बाँकी पृष्ठ २ ▸▸

**बिल-बिजकको प्रयोग अनिवार्य गरौं।**

- हरेक खरिदमा अनिवार्य रूपमा बिल/रसिद मागौं।
- कानुनी रूपमा मान्य बिल-बिजक जारी गरौं।
- बिल बिना कारोबार नगर्ने/नगराउने बानी बसालौं।
- कर प्रणालीलाई पारदर्शी र व्यवस्थित बनाउन सहयोग गरौं।
- उपभोक्ता अधिकार संरक्षणका लागि बिल सुरक्षित राखौं।
- कर छलि र अनियमितता अन्त्य गर्न सचेत बनौ।
- डिजिटल बिलिङ प्रणालीको प्रयोग बढाऔं।
- जिम्मेवार नागरिक भई इमानदारीपूर्वक कारोबार गरौं।



नेपाल सरकार
विज्ञापन बोर्ड






प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३२
: ९८०१३२१७३२
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
**प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला।**

# बालेनको 'ब्लन्डर'को बचाउ गर्दा बब्लुले भारतीयलाई बनाइदिए नेपाली नागरिक

## सिरहाको गदियानीस्थित दसगजा जंगे पिलरमै छ भारतीयको घर

प्रधानमन्त्री वालेन्द्र शाहले आइतबार संसद्मा पहिलो पटक उभिएर नेपालले भारतीय भूमि मिचेको भनेपछि देखिएको राजनीतिक तरंग अझै जारी छ।

बालेन वरिष्ठ नेताका रुपमा रहेको राष्ट्रिय स्वतन्त्र पार्टीका अधिंकाश नेता-कार्यकर्ता र सांसद उनको भनाइको बचाउमा जोडतोडले लागेका छन्।

कतिपयले त बालेनले अहिलेसम्मकै साहसी प्रधानमन्त्रीका रुपमा नेपालले भारतीय भूमि मिचेको भनेर बोल्ने आँट गरेको तर्क गरेका छन्।

यसरी तर्क गर्नेहरूमा सेनाका पूर्वजर्नेलदेखि नेपाल प्रहरीका पूर्वअधिकृतहरू समेत छन्। उनीहरूसँगै बालेनको बचाउमा दौड लगाउने एकजना सांसदमध्ये हुन् बब्लु गुप्ता।

गत फागुन २१ गतेको निर्वाचनमा सिरहा क्षेत्र नम्बर १ बाट निर्वाचित गुप्ताले सोमबार बिहान नेपाल-भारत सीमाक्षेत्रस्थित एउटा जंगे पिल्लरको तस्बिरसहित एउटा दलिल पेश गरे।

जसमा भनिएको थियो,'सिरहा नगरपालिका-२० गदियानीमा ज्ञानी मुखियाको आँगनमै सीमा स्तम्भ छ। अब भन्नुस्- प्रधानमन्त्री बालेन संसद्मा झुट बोले कि सही ? समस्या दुवैतिर छ, समाधान खोज्नुपर्छ।'

बब्लुले भनेजस्तो के त्यहाँ नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरीले दशगजा मिचेको हो त ? कि भारतीय सेना नेपालको कालापानीमा ब्यारेक खडा गरेर बसेको जस्तै कब्जा गरेको बसेको हो त ? त्यो पनि होइन।

त्यहाँको समस्या खासमा क्रस बोर्डर होल्डिङको हो। यसअन्तर्गत अर्को देशको सम्पत्ति वा भूभागमाथि स्वामित्व वा नियन्त्रण राख्नु भनेर बुझ्न सकिन्छ। तर त्यहाँ के नेपाल सरकारले गएर त्यो अभ्यास गरेको हो त ? त्यो पनि होइन। खासमा सीमा आसपासका स्थानीयले नै उपभोग गर्ने क्रममा दशगजा क्षेत्रसम्म ओगटेर बसेका हुन्।



भारतीय नागरिक ज्ञानी मुखियाले मिचेको दसगजास्थित जंगे पिलरको क्षेत्र।

**खास कसले मिचेको हो ?**

सिरहाबाट लामो समयदेखि पत्रकारितामा क्रियाशील शम्भु यादवका अनुसार बब्लुले गरेको दाबीभन्दा ठीक विपरीत दृश्य सिरहा नगरपालिका-२० गदियानीमा छ।

खासमा सिरहा नगरपालिका-२० गदियानी निवासी भनेर नेपालीका रुपमा बब्लुले चित्रित गरेका ज्ञानी मुखिया भारतीय नागरिक हुन्। जंगे पिलर रहेको स्थानमै उनले बनाएको घरको आँगन छ। सीमा स्तम्भसम्मै उनले आफ्नो घरको आँगन बनाएका छन्।

'प्रधानमन्त्री बालेनको बचाउमा बब्लुले फेसबुकमा दिएको अभिव्यक्ति नै गलत छ। बब्लुको दाबी झुटो हो', यादवले भने, 'ज्ञानी मुखिया भारतीय नागरिक हुन्। दसगजा मिचेर ज्ञानी मुखिया जस्तै दर्जनौं व्यक्तिले घर बनाएर अहिले पनि बसेका छन्।

यादवका अनुसार अहिले दक्षिणबाट भारतीय नागरिकसँगै सीमा सुरक्षा बल (एसएसबी) ले पनि दसगजा मिचेर चेक पोस्टिसमेत राखेका छन्।

**पुरानै मुद्दा**

दक्षिणबाट दसगजा मिचिएको विषयमा उनै पत्रकार यादवले २०७६ कात्तिक २३ गते चर्चित दैनिक अन्नपूर्ण पोस्टमा सीमास्तम्भसहितको समाचार लेखेका छन्।



भारतीयले मिचेको दशगजा क्षेत्र।

वर्षौंदेखि दसगजा मिचिँदा पनि नेपाली पक्ष निरीह भएको अवस्थामा उनले त्यही बेला घच्घच्याउँदै समाचार लेखेका थिए। उक्त समाचारमा भनिएको थियो, 'पारी (भारतीय) लगडी गाउँका ज्ञानी मुखियाको घरआँगनमै जंगे पिलर छन्। उनको सुत्ने घर पिलरदेखि भारततिर पर्छ भने गाईगोरू नेपालतिर बाँध्ने गर्छन्।'

**के थियो समाचारमा ?**

सिरहा नगरपालिका, औरही, बरियारपट्टि, नवराजपुर र भगवानपुर गाउँपालिकाको सीमावर्ती वडामा बसोबास गर्ने केही नेपाल र भारत दुवै देशका बासिन्दाले दसगजा मिचेका छन्। मिचेका ठाउँमा उनीहरूले खेतीपाती र पसल थाप्न स-साना टहरा बनाएका छन्।

ठाडी बजारमा भारतीय प्रहरीले बोर्ड झुन्ड्याएरै दसगजामै चेकपोस्ट राखेका छन्। सिरहा नगरपालिका २० गदियानी गाउँस्थित ठाउँठाउँमा दसगजा मिचेर खेत बनाएका छन्।

पारी (भारतीय) लगडी गाउँका ज्ञानी मुखियाको घरआँगनमै जंगे पिलर छन्। उनको सुत्ने घर पिलरदेखि भारततिर पर्छ भने गाईगोरू नेपालतिर बाँध्ने गर्छन्।

'पहिले दसगजा ऐलानी पर्ती थियो। सीमा टाँसिएका खेतवालाहरूले बिस्तारै मास्दै गएका छन्', गदियानी गाउँका ६७ वर्षीय राजेन्द्र यादवले भने, 'अब सीमामा पिलर देखिन देखिन्छ। दसगजा देखिँदैनन्। दुवैतिरका बासिन्दाले पाएसम्म मासेका छन्।'

ज्ञानीका अनुसार मासेका ठाउँमा कसैले खेती गरेका छन् त कसैले स-साना टहरा थापेर पसल खोलेका छन्। एकतर्फी रूपले भारतीयले मात्रै सीमा नमिचेको उनले सुनाए। 'हामी पुस्तौदेखि दसगजामै बसोबास गर्दै आएका छौं। घरआँगनमै जंगे पिलर छ', भारतीय लगडी गाउँका कपिलदेव यादवले भने, 'केही महिनाअघि दुवै देशका अधिकारीले फेरि सीमास्तम्भगाडेका छन्।'

यहाँ दुवैतिरका बासिन्दाले जग्गा वारिपारी राखेको उनले सुनाए। दसगजा मिचेर बस्ती र खेती गर्ने जग्गा कतिपयले बनाएको उनले बताए।

'केही भारतीयले नेपाली नागरिकता बनाएका छन् त केही नेपालीले भारतीय आधार कार्ड बनाएका छन्', उनले भने, 'त्यस्ता व्यक्तिहरूको दुवैतिर जग्गा जमिन छ। खेती पनि गर्छन्। दसगजा मिचेर बसे पनि एकापसमा विवाद कहिल्यै भएको छैन।'

भारतीय प्रहरीले केही वर्षअघि दसगजामै चेकपोस्ट खडा गरेको ठाडीका कन्हैया भट्टले बताए। दसगजामै बसोबास गर्ने दुवैतिरका नागरिकले मिचेर घरटहरा र खेतीबारी बनाएको सिरहा नगरपालिका-२० का वडाअध्यक्ष रामचन्द्र यादव सुनाउँछन्।

'सीमास्तम्भ नै उखाडेर मिचेको त्यति देखिँदैन', उनले भने, 'तर दसगजामा जसको खेत टाँसिएको छ, उनीहरूले केही भूभाग जग्गा मिचेका छन्।'

अरू देशको भूमि नै कब्जा गर्ने हिसाबले नमिच्ने गरेको उनको भनाइ छ।

'दसगजा मासेर ३१ ठाउँमा खेतीपाती भइरहेको निरीक्षणको क्रममा भेटिएको थियो', सशस्त्र प्रहरी सिरहाका एसपी प्रवीण कँडेलले भने, 'यसवर्ष २० ठाउँमा खेती गर्न रोक लगाएका छौं। थप ठाउँहरूमा रोक लगाउन भारतीय अधिकारीसँग समन्वय भइरहेको छ। केही दिनमै ती ठाउँमा पनि खेती गर्न रोक लगाउँछौं।'

यस जिल्लामा ठूलो भूभाग सीमा नमिचिएको उनले बताए। हालसालमा सिरहामा कहीं सीमा नमिचिएको सिरहाका प्रमुख जिल्ला अधिकारी गोपालकुमार अधिकारीले बताए।

'केही ठाउँमा सीमा स्तम्भमर्मत गर्नुपर्ने देखिन्छ। त्यसका लागि माथिल्लो निकायमा जानकारी गराइसकेका छौं', उनले भने।

प्रहरी/प्रशासनको तथ्यांकअनुसार सिरहामा मुख्य २७, सहायक १९ र सानो ३४२ गरी ३८८ वटा पिलर छन्। जसमा मुख्य ७, सहायक २ र साना ३१ गरी ४० वटा मर्मत गर्नुपर्ने अवस्थामा देखिन्छ।

## सम्पादकीय...

### प्लान्ट क्वारेन्टाइन स्थापना गर

सिरहाको माडर नाका ऐतिहासिक र महत्वपूर्ण भन्सार हो। यो भन्सार सिरहा जिल्लासंगै पहाडी जिल्लाहरुमा समान पुर्याउने व्यापारिक केन्द्रका रूपमा परिचित छ। तर, यहाँ अत्यावश्यक प्लान्ट क्वारेन्टाइन कार्यालय स्थापना नहुँदा राजश्व संकलनमा प्रत्यक्ष असर परेको छ। मन्त्रिस्तरीय निर्णय भएको वर्षौं बितिसक्दा पनि प्लान्ट क्वारेन्टाइन स्थापनाको निर्णय कार्यान्वयन हुन नसक्नु दुःखद हो। सिरहाको खैरटोकास्थित सिरहा भन्सार कार्यालयले चालु आर्थिक वर्ष २०८२/०८३ को ११ महिनासम्म वार्षिक लक्ष्यको करिब ६९ प्रतिशत मात्र राजश्व संकलन भएको छ।

राजश्व असुली कम हुनुको प्रमुख कारण प्लान्ट क्वारेन्टाइन नहुनु नै हो। भारतबाट आयात हुने आलु, प्याज लगायतका कृषि वस्तुहरू आवश्यक क्वारेन्टाइन जाँचको व्यवस्था नहुँदा व्यावसायिक रूपमा सहज आयात हुन सकेको छैन। यसले व्यापारीहरूलाई असहज बनाएको छ संगै राज्यलाई प्राप्त हुनुपर्ने ठूलो राजश्वसमेत गुमिरहेको छ। यो विषय नयाँ होइन। २०७५ सालमै मन्त्रिस्तरीय निर्णय गरिसकेको भनिए पनि कार्यान्वयनमा कुनै ठोस प्रगति नहुनु गम्भीर लापरबाही हो। निर्णय गर्ने तर कार्यान्वयन नगर्ने प्रवृत्तिले सीमावर्ती क्षेत्रको आर्थिक सम्भावनालाई कुण्ठित बनाएको छ। सिरहा भन्सार कार्यालयले पटक-पटक ताकेता गर्दा पनि सुनुवाइ नहुनु अझ भन्सारको विकास र राजश्व असुलीप्रती वेवास्ता नै हो।

प्लान्ट क्वारेन्टाइन कार्यालय स्थापना हुँदा केवल राजश्व वृद्धि मात्र हुँदैन, कृषि वस्तुको गुणस्तर परीक्षण, रोग-कीरा नियन्त्रण, सुरक्षित आयात व्यवस्थापन र सीमावर्ती व्यापारको व्यवस्थित सञ्चालनमा समेत ठूलो सहयोग पुग्छ। यसले स्थानीय व्यापारीलाई सहजता प्रदान गर्नुका साथै उपभोक्तालाई सुरक्षित कृषि उपज उपलब्ध गराउने सुनिश्चितता पनि दिन्छ।स्थानीय सरोकारवालाले उठाउँदै आएको यो माग जायज छ। राज्यले अब यसलाई बेवास्ता गर्ने छुट छैन। सीमावर्ती व्यापारलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी बनाउन सिरहामा तत्काल प्लान्ट क्वारेन्टाइन कार्यालय स्थापना गर्नु पर्छ। विगतमा गरिएको निर्णय कार्यान्वयन गर्नुपर्छ। सम्बन्धित मन्त्रालय, विभाग र सरकारका निकायले तत्काल आवश्यक प्रक्रिया अघि बढाई सिरहामा प्लान्ट क्वारेन्टाइन स्थापना गर्नु पर्छ। यसमा ढिलाइ गर्नुहुँदैन। यसले सिरहाको आर्थिक गतिविधिलाई नयाँ गति दिनेछ र राज्यको राजश्व वृद्धिमा समेत महत्वपूर्ण योगदान पुऱ्याउनेछ। भन्सार विभाग र अर्थ मन्त्रालयले तत्काल यसका निम्ति पहल गरि प्लान्ट क्वारेन्टाइन स्थापना गर्नुपर्छ।

### पूर्व-पश्चिम राजमार्गमा मोटरसाइकल ............

साधनलाई नियन्त्रणमा लिएर थप अनुसन्धान अघि बढाइएको छ।

पूर्व-पश्चिम राजमार्गको मिर्चैया-कर्जन्हा सडकखण्डमा पछिल्लो समय सवारी चाप बढ्दै जाँदा दुर्घटनाका घटना पनि बढिरहेका छन्। स्थानीयवासीले राजमार्ग क्षेत्रमा गति नियन्त्रण, ट्राफिक निगरानी र सडक सुरक्षाका उपाय प्रभावकारी बनाउन सम्बन्धित निकायसँग माग गरेका छन्।

## आजको राशिफल

**मेष :** ठूलो योजना छ भने अलिक पर्खनुहोस्। नजिकका मान्छेसँग मनमुटाव हुन सक्छ।

**बृष :** जसरी पनि परिस्थितिसँग जुझेर अघि बढ्नु हुनेछ। व्यापारमा लाभ मिल्नेछ, पुराना समस्याहरू सुल्झने संकेत छन्।

**मिथुन :** प्रभाव जमाउने समय हो। अघिल्लो मिहिनेतबाट धन लाभ हुने छ।

**कर्कट :** इच्छाशक्ति बलियो बन्नेछ, प्रयास सफल हुनेछन्। परिवारमा आत्मीयता बढ्नेछ।

**सिंह :** समयको सही उपयोग नगर्दा अवसर छुट्न सक्छ। दौडधुप धेरै तर प्रतिफल कम हुनेछ।

**कन्या :** नयाँ आम्दानीको ढोका खुल्नेछ। साझेदारी लाभदायक हुनेछ। व्यवसायिक उचाइ चुम्न सकिनेछ।

**तुला :** आर्थिक फाइदा नभए पनि महत्वपूर्ण जिम्मेवारी आउन सक्छ।

**वृश्चिक :** साथीहरूको साथमा अड्किएका काम बन्नेछन्। दीर्घकालीन लाभका लागि आजको मिहिनेत महत्वपूर्ण हुनेछ।

**धनु :** काममा समय लाग्नेछ, यात्रा पनि हुन सक्छ। स्वास्थ्यमा सामान्य कमजोरी आउन सक्छ।

**मकर :** पढाइ, व्यापार र आम्दानी तीनैमा सुधार हुनेछ। प्रेम सम्बन्धमा मिठास बढ्नेछ।

**कुम्भ :** कानुनी वा विवादास्पद मामिलामा सफलता। सानो प्रयासले ठूलो उपलब्धि दिलाउन सक्छ।

**मीन :** प्रेम र पारिवारिक सम्बन्ध बलियो बन्नेछ। विद्यार्थीहरूका लागि समय अनुकूल छ।



**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस्।**

**ज्योतिष डा. बिबेक पाण्डेय**
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२



**माँ भगवत्ति बेकरी एण्ड स्वीट्स**
सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल
फोन नं. ०३३-५२०७१४
यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्द, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ।

# निर्वाचनपछि कमजोर बनेका जसपा र जनमत एकताको बाटोमा, शीर्ष तहमा घनिभूत छलफल

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, जेठ १८ गते**



मधेश राजनीतिमा नयाँ समीकरण बन्ने संकेत देखिएको छ। जनता समाजवादी पार्टी (जसपा) र डा. सीके राउत नेतृत्वको जनमत पार्टीबीच कार्यगत एकतादेखि पार्टी एकीकरणसम्मको सम्भावनाबारे आन्तरिक छलफल तीव्र बनेको स्रोतहरूले बताएका छन्।

गत प्रतिनिधिसभा निर्वाचनपछि कमजोर बनेका दुवै दलले मधेशवादी शक्तिलाई पुनः संगठित र प्रभावशाली बनाउने उद्देश्यले सहकार्यको विकल्प खोजिरहेका छन्। जसपा र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) बीचको एकीकरणपछि जनमत पार्टीले समेत जसपासँग नजिकिने इच्छा देखाएको बताइन्छ।

२०७९ सालको निर्वाचनमा मधेश प्रदेशमा नयाँ राजनीतिक शक्तिका रूपमा उदाएको जनमत पार्टी पछिल्लो समय संगठनात्मक संकटबाट गुज्रिरहेको छ। पार्टीका संस्थापन तहका नेता तथा प्रभावशाली पदाधिकारीहरू एकपछि अर्को गर्दै बाहिरिएपछि अध्यक्ष राउतमाथि दबाब बढेको छ।

तत्कालीन उपाध्यक्ष अब्दुल खान, उपाध्यक्ष दीपक साह, कोषाध्यक्ष सुरेन्द्रनारायण यादव, प्रवक्ता शरतसिंह यादवलगायतका नेताहरू पार्टीबाट अलग भइसकेका छन्। संगठनभित्रको असन्तुष्टि बढिरहेका बेला डा. राउतले आफ्ना दाजु चन्द्रकान्त राउतलाई पार्टीको महत्त्वपूर्ण जिम्मेवारीमा ल्याएका छन्।

यता, गत निर्वाचनमा आफ्नै पूर्वसहकर्मी तथा मधेश प्रदेशका पूर्व मुख्यमन्त्री सतीशकुमार सिंह, प्रवक्ता शरत सिंहसहितका नेताहरूको घेराबन्दीका कारण गत निर्वाचनमा राउत पराजित हुन पुगेका थिए। त्यसपछि उनले केही महिनाअघि सक्रिय संसदीय राजनीतिबाट टाढा रहने घोषणा गरेका थिए।

राजनीतिक विश्लेषकहरूका अनुसार पार्टीभित्रको असन्तुष्टि, नेतृत्वमाथिको प्रश्न र घट्दो जनाधारका कारण जनमत अहिले बलियो राजनीतिक साझेदारको खोजीमा देखिएको छ। यही कारण मधेशमा अहिले पनि अन्य मधेशवादी दलको तुलनामा जनाधार बलियो रहेका जसपासँगको सहकार्यलाई जनमतले प्राथमिकता दिएको बुझिएको छ।

जसपा अध्यक्ष उपेन्द्र यादव, वरिष्ठ नेता महन्थ ठाकुर तथा जनमत अध्यक्ष राउतबीच कार्यगत एकता र सम्भावित एकीकरणबारे पटक-पटक छलफल भएको बताइन्छ। जसपाका नेता डा.सुरेन्द्र झाका अनुसार दुवै दलका शीर्ष तथा दोस्रो तहका नेताहरूबीच सकारात्मक संवाद भइरहेको छ।

पार्टी एकीकरणको मिति, नेतृत्व संरचना तथा कुन सर्तमा पार्टी एकता गर्ने ? लगायतका विषयमा भने हालसम्म कुनै ठोस निर्णय नभएको नेता झाले बताए। तर मधेशका मुद्दा, समावेशी तथा समानुपातिक प्रणालीको रक्षा, संघीयताको सुदृढीकरण र मधेश प्रदेश सरकारसँग सम्बन्धित विषयमा साझा धारणा बनाएर अघि बढ्ने अनौपचारिक समझदारी भने विकसित भएको उनले बताए।

जनमतसँग एकीकरणको चर्चा चलिरहँदा जसपा र लोसपाबीच भएको पछिल्लो एकीकरणको समायोजन प्रक्रिया भने अझै पूर्ण भइसकेको छैन। केन्द्र, प्रदेश तथा जिल्ला तहमा संगठनात्मक समायोजन बाँकी रहेको उनले बताए। मधेश प्रदेश संसदीय दलको नेतृत्वसमेत औपचारिक रूपमा टुंगो नलागेको उनले दाबी गरे।

जसपाका नेता डा. झाका अनुसार सरोजकुमार यादवलाई हालका लागि समायोजन प्रक्रिया सम्पन्न नहुँदासम्म मधेश प्रदेशको संसदीय दलको संयोजनको जिम्मेवारी दिइएको हो, औपचारिक रूपमा दलको नेता चयन गरिएको होइन। यता, जनमत पार्टीका मधेश प्रदेश संसदीय दलका नेता तथा पार्टीका महासचिव चन्दन सिंहले पनि जसपासँग पार्टी एकताको विषयमा सकारात्मक ढंगले छलफल भइरहेको पुष्टि गरेका छन्।

केन्द्रस्तरमा दुवै पार्टीका शिर्ष नेतृत्व बीच संवाद जारी छ र वार्ता सकारात्मक दिशातर्फ अगाडि बढिरहेको उनको भनाइ छ। यद्यपि, हालसम्म कुनै ठोस निष्कर्ष भने निस्किएको उनले बताए। मुलुकको बदलिँदो राजनीतिक अवस्था तथा मधेशकेन्द्रित दलहरूको घट्दो प्रभावलाई ध्यानमा राख्दै साझा राजनीतिक मोर्चा आवश्यक भएको उनको भनाइ छ।

पछिल्ला निर्वाचन परिणामले मधेशकेन्द्रित दलहरूको प्रभाव खुम्चिँदै गएको छ। यही कारण विभाजित मधेशवादी शक्तिहरूलाई पुनः एकत्रित गर्ने प्रयास तीव्र भएको देखिन्छ।

लेखरचना, समाचार वा विज्ञापन पठाउदा वेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौ।
अपन दैनिक

# चुरे संरक्षणमा सरकार उदासिनता, विज्ञद्वारा जलस्रोत सङ्कटको चेतावनी

**अपन दैनिक संवाददाता**
**महोत्तरी, जेठ १८ गते**



सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि चुरे संरक्षण कार्यक्रमको बजेटमा उल्लेख्य कटौती गरेपछि वातावरणविद्, संरक्षणकर्मी तथा सरोकारवालाले गम्भीर चिन्ता व्यक्त गरेका छन्। चालु आर्थिक वर्ष २०८२/८३ मा चुरे संरक्षणका लागि विनियोजन गरिएको एक अर्ब ६९ करोड रुपियाँको तुलनामा आगामी वर्षका लागि करिब एक अर्ब रुपियाँ मात्र छुट्याइएको छ।

सङ्घीय संसदमा बजेट प्रस्तुत गर्दै अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले चुरे तथा तराई-मधेश क्षेत्रको जलचक्रलाई दिगो बनाउन पानीका स्रोत संरक्षण, पोखरी निर्माण, पहिरो नियन्त्रण, तटबन्ध निर्माणलगायतका कार्यक्रम सञ्चालनका लागि करिब एक अर्ब रुपियाँ विनियोजन गरिएको जानकारी दिए।

यता, तराई-मधेश क्षेत्रमा देखिएको खानेपानी तथा सिँचाइ अभावको दीर्घकालीन समाधानका लागि डिप बोरिङ निर्माण कार्यक्रम सञ्चालन गर्न सरकारले दुई अर्ब ५० करोड रुपियाँ विनियोजन गरेको छ।

संरक्षणकर्मीहरूले डिप बोरिङमार्फत भूमिगत जलस्रोतको अत्यधिक दोहन हुन सक्ने र बजेटमा वातावरणीय दृष्टिले उपयुक्त क्षेत्र पहिचान गरी ढुङ्गा, गिट्टी तथा बालुवाको उत्खनन र प्रशोधनलाई व्यवस्थित गर्ने व्यवस्था उल्लेख गरिएकाले चुरे क्षेत्रमाथिको दबाब अझ बढ्न सक्ने आशङ्का व्यक्त गरेका छन्।

चुरे संरक्षण अभियन्ता सुनिल यादवले तराई-मधेशमा बढ्दो खानेपानी संकट समाधानका लागि सरकारले डिप ट्युबवेल कार्यक्रम ल्याए पनि भूमिगत जलस्रोतको मुख्य पुनर्भरण क्षेत्र चुरेको संरक्षणलाई पर्याप्त प्राथमिकता नदिएको बताए। उनका अनुसार चुरे क्षेत्रमा भइरहेको क्षयीकरणका कारण तराई-मधेशमा पानीका स्रोत सुक्ने, कृषि उत्पादन घट्ने तथा मरुभूमीकरणको जोखिम बढ्दै गएको छ। 'सरकारले डिप ट्युबवेलमार्फत पानी निकाल्ने योजना ल्याएको छ, तर पानी पुनर्भरण गर्ने चुरे क्षेत्रको संरक्षणमा पर्याप्त लगानी नगर्नु दीर्घकालीन रूपमा घातक हुन सक्छ,' यादवले भने।

चुरे विज्ञ डा. विजय सिंहले भूमिगत पानीको मुख्य स्रोत चुरे नै भएको उल्लेख गर्दै चुरेमा पानी सञ्चित हुन नसके दक्षिणी भेगमा पानीको समस्या झन् गम्भीर बन्ने बताए।

'सरकारले प्रस्तुत गरेको बजेटमा चुरे संरक्षणका लागि कुनै ठोस र प्रभावकारी योजना देखिँदैन,' उनले भने। उनका अनुसार मधेशमा हरेक वर्ष सुक्खायाममा ट्युबवेल, इनार तथा बोरिङ सुक्ने क्रम बढ्दै जाँदा खानेपानी अभावले स्थानीयवासी समस्यामा पर्ने गरेका छन्।

अर्का चुरे विज्ञ नागदेव यादवले चुरे संरक्षणलाई बेवास्ता गरेर ल्याइने सतही योजनाहरू दीर्घकालीनभन्दा बढी क्षणिक र हानिकारक हुन सक्ने चेतावनी दिए।

नेपालको कुल भूभागको करिब १२.७८ प्रतिशत हिस्सा ओगटेको चुरे पर्वत शृङ्खला पूर्वको इलामदेखि पश्चिमको कञ्चनपुरसम्म फैलिएको छ। 'शिवालिक' नामले समेत चिनिने यो क्षेत्र ३७ जिल्लामा फैलिएको छ र जैविक विविधता तथा जलस्रोत संरक्षणका दृष्टिले अत्यन्त संवेदनशील मानिन्छ।

विज्ञहरूका अनुसार तराई-मधेशमा बसोबास गर्ने करिब ५० प्रतिशत जनसङ्ख्या प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा चुरे क्षेत्रको पारिस्थितिकीय प्रणालीमा निर्भर छ। चुरे संरक्षण विकास समितिको वार्षिक प्रतिवेदनअनुसार चुरे र भावर क्षेत्रको प्राकृतिक स्वरूप तथा स्रोतहरूको निरन्तर क्षयीकरणका कारण वातावरणीय समस्या बढ्दै गएका छन्।

चुरे संरक्षणका लागि २०७१ सालमा 'राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति' गठन गरिएको थियो। त्यसपछि २०७४ सालमा २० वर्षे चुरे संरक्षण तथा व्यवस्थापन गुरुयोजना तयार गरिएको थियो, जसका लागि दुई खर्ब ४९ अर्ब ७० करोड रुपियाँ खर्च हुने अनुमान गरिएको थियो।

समिति गठन भएयता चुरे संरक्षणका नाममा करिब १५ अर्ब रुपियाँ खर्च भइसकेको छ। यद्यपि अपेक्षित उपलब्धि हासिल हुन नसकेको भन्दै सरकारले यस वर्ष बजेट घटाएको देखिन्छ।

चुरे क्षेत्रबाट ढुङ्गा, गिट्टी र बालुवा

बाँकी पृष्ठ ४ ▸▸

## मधेश प्रदेश सभाअघि नारा- लाज लाग्दैन, ...............

कुरा भनेको उनको दाबी छ।

संघीय सरकारले सार्वजनिक गरेको आगामी आर्थिक वर्षको बजेटमा हुलाकी सडकअन्तर्गतका आठ वटा पुल निर्माणका लागि ४ अर्ब रुपैयाँ विनियोजन गरेको छ। तर, पुनर्निर्माणको चरणमा रहेको कमला पुललाई समावेश नगरिएको भन्दै स्थानीय आन्दोलनमा उत्रिएका हुन्।

स्थानीयले अब प्रदेश सरकारको बजेटमा कमला पुल समेटिनुपर्ने माग राखेका छन्। नभए चरणबद्ध आन्दोलन गरेर सशक्त रूपमा अघि बढ्ने चेतावनी स्थानीयको छ।

१५ वर्षअघि निर्माण सुरु भएको कमला पुल २०७८ सालको बाढीबाट क्षति पुगेपछि पुनर्निर्माण हुनसकेको छैन।

## जनकपुर चुरोट कारखानाको 'सुर्ती गोदाम' जग्गा विवाद ................

थप निर्देशन नआएकाले प्रक्रिया रोकिएको जनाएको छ।

उनका अनुसार, "मन्त्रालयबाट स्पष्ट निर्देशन आएपछि मात्र थप कानुनी प्रक्रिया अघि बढ्छ। हालको अवस्थामा यथास्थितिको आदेश कायम छ।"

**नगर प्रमुखको गम्भीर आरोप**

मिर्चैया नगरपालिकाका मेयर श्रवण कुमार यादवले भने यथास्थितिको आदेश हुँदाहुँदै पनि विवादित जग्गामा संरचना थपिने क्रम जारी रहेको भन्दै गम्भीर प्रश्न उठाएका छन्।

उनले केही भूमाफियाहरूले यथास्थितिको आदेश फुकुवा गराइदिने नाममा रकम असुली भइरहेको भन्ने गुनासो स्थानीय तहसम्म आइपुगेको दाबी गर्दै निष्पक्ष छानबिनको माग गरेका छन्।

**स्थानीयको माग : 'सरकारी जग्गा फिर्ता हुनुपर्छ'**

स्थानीयवासीका अनुसार करोडौं मूल्य पर्ने सरकारी जग्गा योजनाबद्ध रूपमा कित्ताकाट गरी निजी स्वामित्वमा पुऱ्याइएको आशंका छ। उनीहरूले यस प्रकरणमा उच्चस्तरीय छानबिनको माग गरेका छन्।

स्थानीयले अख्तियार दुरुपयोग अनुसन्धान आयोग, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग तथा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय बाट निष्पक्ष अनुसन्धानको माग गरेका छन्।

मिर्चैयाको मुख्य व्यापारिक क्षेत्रमा रहेको यो जग्गा विवादले सरकारी सम्पत्ति संरक्षण, भूमि प्रशासनको पारदर्शिता र राज्यको स्वामित्व कार्यान्वयनमाथि गम्भीर प्रश्न उठाएको छ। एकातर्फ सरकारी अभिलेखमा यथास्थितिमा रहेको दाबी छ भने अर्कोतर्फ फिल्डमा संरचना निर्माण जारी रहँदा यो प्रकरण थप जटिल बन्दै गएको देखिन्छ।




बिजुलीको सुरक्षित प्रयोग गरौं।

- भिजेको वा चिसो हातले बिजुलीको तार तथा उपकरण नचलाऔं।
- बालबालिकाले भेट्ने गरी बिजुलीका तार तथा सकेट नराखौं।
- पुराना तथा नाङ्गो तार तत्काल मर्मत गरौं।
- ओभरलोड हुने गरी बिजुलीको प्रयोग नगरौं।
- आगलागी भएमा तत्काल मुख्य स्विच बन्द गरौं।
- जाडो मौसममा हिटर बाल्दा कोठामा पर्याप्त हावा छिर्ने व्यवस्था मिलाऔं।
- रातीको समयमा हिटर बन्द गरेर मात्र सुतौं।

सावधानी अपनाऔं, सुरक्षित रहौं।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी
कल्याणपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, कल्याणपुर
मधेश प्रदेश, सिरहा (नेपाल)

अपन दैनिक
Apan Dainik National Newspaper

# लालपुर्जा माग्दै राजविराज नगरपालिकामा तालाबन्दी




**अपन दैनिक संवाददाता**
**सप्तरी, जेठ १८ गते**

जग्गाधनी पुर्जा (लालपुर्जा) माग्दै राजविराज नगरपालिकामा स्थानीयवासीले तालाबन्दी गरेका छन्। सोमबार जग्गाधनी पुर्जा माग्दै लामो समयदेखि आन्दोलनरत संघर्ष समितिको अगुवाइमा नगरपालिकाको कार्यालयमा तालाबन्दी गरिएको हो।

पटक-पटक आश्वासन दिएपनि हालसम्म लालपुर्जा नदिइएको भन्दै स्थानीय अव्यवस्थित बसोबासी र सुकुमवासी आन्दोलित छन्। उनीहरूले आफू नगरपालिकाको स्थापनाकाल अघिदेखि नै त्यहाँ बसिरहेको दाबी गर्दैआएका छन्।

हकभोगका आधारमा लालपुर्जा उपलब्ध गराउनुपर्ने आन्दोलनरत् पक्षको एकसूत्रीय माग छ।

निरन्तर शान्तिपूर्ण संघर्षबाट सुनुवाइ नभएपछि नगरपालिकामा तालाबन्दी गर्न बाध्य भएको संघर्ष समितिका संयोजक खेलानन्द दासले बताए । लालपुर्जा उपलब्ध हुने सुनिश्चितता नभएसम्म आन्दोलन नरोकिने उनको भनाइ छ।

संघर्ष समितिले ११ दिनसम्म धर्नालगायतका विभिन्न दबाबमुलक कार्यक्रम गर्दै आएका थिए। विटोरी जग्गाको राजस्व राजविराज नगरपालिकामा बुझाउँदा समेत लालपुर्जा वितरणमा बेवास्ता गरेको भन्दै आक्रोशित उनीहरूले अब नापी कार्यालयमा समेत तालाबन्दी गर्ने चेतावनी दिएका छन्।

आन्दोलनरत् पक्ष प्रधानमन्त्री बालेन्द्र शाह नेतृत्वको सरकारले सार्वजनिक जग्गा खाली गर्न देशव्यापी उर्दी जारी गरेपछि सशंकित छ। यहीकारण उनीहरू आन्दोलित भएका हुन्।

उता, बोदेबरसाईन बजारका स्थानीयले पनि जग्गाको राजस्व नगरपालिकामा बुझाउँदा समेत लालपुर्जा नदिइएको भन्दै जिल्ला प्रशासन कार्यालय सप्तरीमा वैशाख २९ गते नै ज्ञापनपत्र बुझाएका छन्।

# एकपछि अर्को विवादमा बालेन सरकार

**अपन दैनिक संवाददाता**
**काठमाडौं, जेठ १८ गते**

गत चैत १३ गते बनेको वर्तमान सरकार एकपछि अर्को विवादमा तानिँदै गएको छ। वर्तमान सरकारका मन्त्रीदेखि प्रधानमन्त्रीसम्म विवादमा तानिएका छन्।

वर्तमान सरकारको हनिमुन पिरियड (सय दिन)समेत पूरा हुन नपाउँदै चर्चा भन्दा बढी विवाद हुन थालेको छ। वर्तमान सरकार गठन भएको करिब दुई महिनामा वर्तमान सरकारका दुईजना मन्त्रीले विवादकै कारण पदबाट राजीनामा दिनुपर्यो भने प्रधानमन्त्री वालेन्द्र शाह (बालेन)समेत विवादमा तानिएका छन्।

आइतबार सांसदहरुका प्रश्नको जवाफ दिने क्रममा नेपालले भारतको भूमि मिचेको अभिव्यक्ति दिएपछि उनी विवादमा तानिएका हुन्। लामो समयदेखि भारतले नेपालको लिपुलेक र कालापानी क्षेत्रमा गरेको हस्तक्षेपका विषयमा नेपाल सरकारको धारणा बुझ्न सांसदले गरेको प्रश्नको जवाफ दिने क्रममा प्रधानमन्त्री शाहले भारतले मात्र नभएर नेपालले पनि भारतको जग्गा अतिक्रमण गरेको भनेपछि उनी विवादमा तानिएका हुन्।

यही अभिव्यक्ति कारण यतिबेला प्रधानमन्त्री शाह प्रतिपक्षी दलहरूको मात्र नभए सीमाविद्हरुको समेत निशानामा परेका छन्। प्रधानमन्त्रीको यही अभिव्यक्तिलाई लिएर प्रतिपक्ष दलहरूले सोमबारको प्रतिनिधिसभा बैठकमा अवरोध जनाएका छन्। जसका कारण सदन चल्न नसकेर स्थगित भएको छ।

यस्तै यसअघि गृहमन्त्री सुदन गुरुङले सेयर लगानीको स्रोत र सम्पत्ति शुद्धीकरण अनुसन्धानमा हिरासतमा रहेका दीपक भट्टसँगको व्यावसायिक साझेदारी रहेको देखिएपछि मन्त्री बनेको २७ औं दिनमा पद छाड्नु परेको थियो। उनीमाथि अहिले सरकारले छानबिन समिति गठन गरेर अनुसन्धान गरिरहेका छ।

त्यसअघि श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री दीपक साहले मन्त्री पदमा बहाल रहँदा पदीय मर्यादाको दुरूपयोग गरी श्रीमतीलाई लामो समयदेखि निष्क्रिय रहेको स्वास्थ्य बीमा बोर्डको सदस्यका रूपमा नियमित कार्यमा संलग्न गराएपछि विवादमा तानिएका थिए।



विवादमा तानिएपछि रास्वपा सभापति रवि लामिछानेको लिखित सिफारिसमा प्रधानमन्त्रीले श्रममन्त्री साहलाई पदमुक्त गरेको थिए। मन्त्री साह मन्त्रालयको कार्यभार सम्हालेको भएको १४ दिनमै बर्खास्तमा परेका थिए।

वर्तमान सरकारका अन्य मन्त्रीहरू पनि विभिन्न विवादमा तानिएका छन्। रास्वपाका केही मन्त्री र सांसदहरू जग्गा अतिक्रमणको विवादमा समेत मुछिएका छन्। सरकार गठन भएको छोटो समयमै विभिन्न विवादमा तानिँदा वर्तमान सरकार आलोचित बन्न पुगेको छ।

## चुरे संरक्षणमा सरकार उदासिनता, विज्ञद्वारा जलस्रोत ............

उत्खननको विषय विगतदेखि नै विवादित रहँदै आएको छ। आर्थिक वर्ष २०७८/७९ को बजेटमार्फत खानीजन्य पदार्थ निकासी गरी व्यापार घाटा कम गर्ने नीति ल्याउँदा व्यापक विरोध भएको थियो।

यस वर्षको बजेटमा पनि उत्खनन तथा प्रशोधनलाई व्यवस्थित गर्ने व्यवस्था समेटिएपछि संरक्षणकर्मीहरूले चुरे दोहन बढ्न सक्ने चिन्ता व्यक्त गरेका छन्।

चुरे क्षेत्रमा १३७ तथा चुरे-तराई मधेश क्षेत्रमा ३२५ स्थानीय तह रहेका छन्। यहाँ १६४ वटा साना-ठुला नदी प्रणाली रहेका छन्। यी स्थानीय तहहरूको महत्वपूर्ण आम्दानी स्रोत नदी तथा वन क्षेत्रबाट सङ्कलन हुने ढुङ्गा, गिट्टी र बालुवा हुन्।

जानकारहरूका अनुसार अत्यधिक उत्खनन, वन विनाश तथा अव्यवस्थित विकास गतिविधिका कारण बर्सेनि बाढी, डुबान, कटान र खेतीयोग्य जमिनमा बालुवा थुप्रिने समस्या बढ्दै गएको छ।

चुरे संरक्षण अभियन्ताहरूले डिप ट्युबवेलजस्ता योजनाले तत्काल राहत दिन सक्ने भए पनि चुरे तथा वन सम्पदाको संरक्षणलाई प्राथमिकता नदिइए दीर्घकालीन रूपमा पानी र वातावरणीय संकट झन् गहिरिने बताएका छन्।

डा. विजय सिंहले भने, 'डिप ट्युबवेल आवश्यक हुन सक्छ, तर त्योभन्दा महत्वपूर्ण कुरा चुरे र वन क्षेत्रको संरक्षण हो।

संरक्षणबिनाको विकासले समस्या समाधान होइन, थप जटिलता निम्त्याउँछ।'

## ब्राउन सुगरसहित सिरहाबाट मिर्चैयाका ..........

जिल्ला प्रहरी कार्याल्य सिरहाका सूचना अधिकारी डीएसपी रमेश वहादुर पालका अनुसार दुवैजनालाई सोमबार जिल्ला अदालतबाट ५ दिनको म्याद थप गरी आवश्यक अनुसन्धान गरिरहेको जनाएको छ।

# मधेशको नीति तथा कार्यक्रममाथि छलफल सुरु

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, जेठ १८ गते**

मधेश प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि पेस गरेको नीति तथा कार्यक्रममाथि प्रदेश सभामा छलफल शुरु भएको छ। सोमबार प्रदेश सभाको बसेको बैठकमा प्रदेश सांसदहरूले आलोचनासहित विभिन्न सुझाहरू दिँदै आ-आफ्नो संशोधन प्रस्ताव राखेका छन्।




प्रमुख प्रतिपक्षी दल जनता समाजवादी पार्टी (जसपा) नेपालका सांसद लालबाबु राउतले यो नीति तथा कार्यक्रम हेर्दा केही नदेखिएको र बुझ्दा सबै कुरा समेट्ने चलाखीपूर्ण तरिकाले प्रयास गरेको जस्तो देखिन्छ भने।

पूर्वमुख्यमन्त्री समेत रहेका राउतले आफ्नै नेतृत्वको सरकारदेखि प्रदेश सरकारले उठाउँदै आएको कुरा प्रदेश प्रहरी प्रशासनलाई प्रदेश सरकार मातहतमा ल्याउनुपर्ने र प्रदेश सरकारको आफ्नै स्वामित्वमा भएको प्रशासनिक संरचना, जनकपुरधाम बाहिरका सांसदहरुको लागि आवास निर्माण लगायतका कुरा छुटाइएको गुनासो गरे।

उनका अनुसार शिक्षा, स्वास्थ्य, कृषि र पर्यटनको कुरा उठाएको छ। तर जीर्ण तथा दयनीय अवस्थामा पुगेका प्रादेशिक अस्पतालहरूको स्तरोन्नति, सुधार तथा विस्तारबारे केही उल्लेख गरिएको छैन। आफ्नो कार्यकालमा बारामा निर्माण गर्न लागिएको सरुवा रोग अस्पतालको कुराबारे पनि यो नीति तथा कार्यक्रममा केही उल्लेख गरिएको छैन।

जसपा नेपालका अर्का सांसद अनिरुद्ध कुमार सिंहले पनि कृषितर्फ उखु किसानको कुरा उठाइएको तर वीरगञ्ज चिनी मिल कसरी सञ्चालनमा ल्याउने र किसानहरूले उत्पादन गरेको उखुको भुक्तानी नपाउने अवस्था बारे केही उल्लेख नगरिएको बताए। शिक्षातर्फ गुणस्तरीय शिक्षा, पूर्वाधार निर्माण र शिक्षक पदपूर्ति के कसरी गर्ने यो नीति तथा कार्यक्रम मौन रहेको उनको भनाई थियो।

अर्को प्रतिपक्षी दल जनमत पार्टीका सांसद संजय साहले कृषिको कुरा नीति तथा कार्यक्रममा जोडतोडका साथ उठाइएपनि किसानहरुका लागि किसान कार्ड लागू बारे कुरा नराखिएको टिप्पणी गरे।

'पर्यटनतर्फ आधुनिक रुपान्तरणका लागि याज्ञवलक्य, मैत्रेय र गार्गी जस्ता विदुषीहरुको यो शहरको प्रचार प्रसार र मिथिला संस्कृतिको विकास तथा उत्थानका लागि केही कार्यक्रम ल्याइएको देखिँदैन' उनले भने।

उनले मिथिलाका विदुषि तथा संस्कृतिहरुको हबको रुपमा अन्तराष्ट्रिय रुपमा प्रचार प्रसारका लागि अन्तराष्ट्रिय सांस्कृतिक केन्द्र स्थापनाको कुरा समेटनुपर्ने बताए। यसका साथै सरकारले विनियोजन गर्ने बजेट मन्त्री र सत्तामुखी नभई प्रदेशका ६४ वटै निर्वाचन क्षेत्रलाई समेटने गरी ल्याउनुपर्ने माग गरे।

यस्तै सत्तारुढ नेकपाका सांसद प्रमोद कुमार यादवले प्रादेशिक सडकको निर्माणको कुरा नीति तथा कार्यक्रममा समेटिएको तर वर्षौंदेखि अधुरा रहेका कमला पुल निर्माण बारे नीति तथा कार्यक्रममा कुरा राखिएको छैन भन्दै त्यो समेट्नुपर्ने बताए।

अर्को सत्तारुढ नेकपा एमालेका सांसद प्रमोद जयसवालले नीति तथा कार्यक्रममा नयाँ योजनाहरू राखिएको तर बहुवर्षीय तथा गौरवका अधुरा योजनाहरू के कसरी सम्पन्न गर्ने भन्नेबारे समेटनुपर्ने बताए। नागरिक र आवास सुरक्षा बीमा योजनाको विस्तार, पर्यटनतर्फ पर्साको पारसनाथ, भाथाधाम र महोत्तरीको टुटेश्वर धामको चर्चासम्म पनि नगरिएको भन्दै यी कुरासमेत समेट्नुपर्ने माग गरे।

एमालेकै राजकुमार लेखीले संघीयता कार्यान्वयनको पक्षमा कुनै ठोस कार्यक्रम नीति तथा कार्यक्रममा नदेखिएको गुनासो गरे। उनले पनि जीर्ण तथा दयनीय अवस्थामा पुगेका प्रादेशिक अस्पतालको अवस्था सुधार तथा स्तरोन्नतिका कार्यक्रमहरू समेट्नुपर्ने माग गरे।

एमालेकै सांसद दिपेन्द्र ठाकुरले पुराना गाडीहरूको कर माफ गरी नामसरी गर्ने योजना नीति तथा कार्यक्रममा समेटनुका साथै मधेश प्रदेशकै गौरवको रुपमा रहेको श्रीराम जानकी अन्तर्राष्ट्रिय रंगशाला निर्माणबारे समेत समेट्न आग्रह गरे।

# वीरगञ्जका नगरप्रमुख राजेशमान सिंहका स्वकीय सचिव प्रहरी नियन्त्रणमा

**अपन दैनिक संवाददाता**
**वीरगञ्ज, जेठ १८ गते**

वीरगञ्ज महानगरपालिकाका मेयर राजेशमान सिंहका स्वकीय सचिव सत्यराज घिमिरेलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

उनलाई वीरगञ्जस्थित पर्सा जिल्ला अदालत परिसरबाट सोमबार नियन्त्रणमा लिएको हो।

लिखत सम्बन्धी कसुरमा अनुसन्धानका लागि पर्सा जिल्ला अदालतले नगर प्रमुख राजेशमान विरूद्ध पक्राउ पुर्जी जारी गरेको थियो। त्यही विषयमा कानूनी प्रक्रिया बुझ्नका अदालत गएको बेला प्रहरीले नियन्त्रणमा लिएर जिल्ला प्रहरी कार्यालयमा लगेको नगर प्रमुखको सचिवालयले जनाएको छ।

पक्राउ पुर्जी जारी भएपछि उनी फरार छन्। जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता एंव प्रहरी नायब उपरीक्षक हरिबहादुर बस्नेतले नगरप्रमुख राजेशमानका बारेमा सोधपुछ गर्नका लागि स्वकीय सचिव सत्यराजलाई नियन्त्रणमा लिएको जानकारी दिए।

'उहाँलाई पक्राउ गर्नुपर्ने कुनै कारण छैन, सोधपुछका लागि ल्याएका हौं,' उनले भने, 'अहिले सोधपुछ चलिरहेको छ।'

जेठ ८ गते अदालतले नगरप्रमुख राजेशमान लगायत तीन जना विरूद्ध पक्राउ पुर्जी जारी गरेको थियो।

जेठ १२ गते पक्राउ पुर्जी प्रहरी कार्यालय पुगेको थियो। जेठ १३ गते बुधबार नगरप्रमुख राजेशमान पर्सा जिल्ला अदालत पुगेका थिए



तर अदालतले कार्यव्यस्तता रहेको जनाएपछि उपस्थित लगायत कानुनी प्रक्रिया सुरू हुन सकेन। प्रशासनबाट जानकारी पाएपछि अदालतबाट फर्किएको उनले बताएका थिए।

पर्सा जिल्ला अदालतले लिखत सम्बन्धी मुद्दामा राजेशमान, सिन्धुपाल्चोकको इन्द्रावती नगरपालिकाकी रिता भट्टराई र वीरगञ्ज.महानगरपालिकाका वडा नम्बर ३ का तत्कालीन स्थानीय पञ्जिकाधिकारी भिखारी राय विरूद्ध पक्राउ पुर्जी जारी गरेको हो।

नगरप्रमुख राजेशमानले रिता भट्टराईकी छोरी रुविना श्रेष्ठलाई छोरी बनाएर फर्जी जन्मदर्ताको आधारमा नागरिकता बनाएर लिखित सम्बन्धी कसूर गरेको आरोप लागेको थियो।

**आगलागी**

चुलो, ग्याँस अनि बिजुलीको तार
ध्यान दिएन भने हुन सक्छ ठूलो मार
सुत्नु अघि जाँच गरौं, आगलागी
समयमै टारौं ।

**आमसंचार प्राधिकरण**
**मधेश प्रदेश, जनकपुरधाम**